# नगर स्वास्थ्य नीति, २०७८

**बूढानीलकण्ठ नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**हात्तीगौंडा, काठमाडौं**

बागमती प्रदेश, नेपाल

# नगर प्रमुखको भनाइ

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (झ) मा उल्लेख भएका स्वास्थ्य सम्बन्धी काम कर्तव्य र अधिकारहरूलाई सम्बोधन गर्न; राष्ट्रिय स्वास्थ्य नीति २०७६ को बुँदा ७ मा उल्लेख भए अनुरूप राष्ट्रिय नीतिलाई मार्गदर्शक सिद्धान्तको रूपमा लिई स्थानीय सरकारले नगरबासीको स्वास्थ्य आवश्यकतालाई सबै तहका सरकार, विकास साझेदार, नीजिक्षेत्र तथा नागरिक समाजको समन्वय, साझेदारी तथा सहकार्यमा परिपूर्ति गर्न; नेपाल सरकारले गरेका महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्राप्ति सहस्राब्दी बिकास लक्ष्य लगायतका स्वास्थ्य सम्बन्धी विभिन्न अन्तराष्ट्रिय प्रतिबद्दताको स्थानीय तहमा कार्यन्वयन गर्न र स्थानीय चुनाबको समयमा गरिएका स्वास्थ्य सम्बन्धी प्रतिबद्दताहरूलाई समेत सम्बोधन गर्नका लागि यो नगर स्वास्थ्य नीति तर्जुमा गरिएको हो । नेपालको संविधान २०७२ को धारा ३५, ३८, ३९, ५१ तथा अनुसूची ८ र ९ ले गरेको स्वास्थ्यसम्बन्धी व्यवस्थाहरूको स्थानीय तहमा योजनाबद्ध ढंगले कार्यन्वयन गर्न; जनस्वास्थ्य सेवा ऐन २०७५ को परिच्छेद २ दफा ४ ले तोकेका आधारभूत स्वास्थ्य सेवाहरूमा नगरबासीको सहच पहुँच अभिवृद्धि गर्नका लागि पनि नगर स्वास्थ्य नीतिको अपरिहार्यता थियो र छ ।

यो नगर स्वास्थ्य नीतिको मुलभूत सिद्धान्तका रूपमा नगरवासीहरूको स्वास्थ्य प्रवर्धन, रोकथाम र संरक्षणलाई लिइएको छ । यस नीतिले आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने रणनीति र कार्यक्रमहरुलाई विशेष जोड दिएको छ । यसका साथै विषेशज्ञ सेवा प्रदान गर्ने अस्पतालहरूसँग दोहोरो प्रेषण प्रणाली स्थापित गर्ने लक्ष्य लिएको छ जसबाट नगरवासीहरूले विषेशज्ञ सेवा पनि प्राप्त गर्न सक्नेछन् । यस नीति भित्र स्वास्थ्यका बिभिन्न क्षेत्र, जस्तै नवजात शिशु स्वास्थ्य, सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरकिशोरी मैत्री स्वास्थ्य, परिवार

नियोजन, यौन तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकको स्वास्थ्य, वातावरण, स्वस्थ खाना र पानी, फोहोरमैला व्यवस्थापन, नसर्ने र सर्ने रोग रोकथाम, मानसिक स्वास्थ्य, विपद तथा महामारी व्यवस्थापन, अपाङ्गता भएका ब्यक्तिहरूको स्वास्थ्य, प्रदुषण न्यूनीकरण, एकिकृत चिकित्सा पद्दती, स्वास्थ्य सुचना प्रविधि, स्वास्थ्य सामाग्री आपूर्ति, भण्डारण र वितरण, दक्ष जनशक्ति, वित्तीय व्यवस्थापन, आदिलाई समेटिएको छ ।

यो नगर स्वास्थ्य नीति तयार गर्न सहयोग गर्नुहुने जनस्वास्थ्यविद् डा. खेम कार्की, जनसङ्ख्याविद् अजित आचार्य र उहाँहरूको सम्पुर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु । नगरपालिकाको तर्फबाट यसको प्रशासनिक सहजिकरण गर्नुभएका जनस्वास्थ्य महाशाखा प्रमुख श्री कुमार प्रसाद दाहाल, आवश्यकता अनुसार आ–आफ्नो क्षेत्रबाट सल्लाह सुझावहरू प्रदान गर्नुहुने यस नगरपालिकाका सबै जनप्रतिनिधिहरू, कर्मचारीहरू र स्वास्थ्यकर्मीहरूप्रति विशेष आभार प्रकट गर्दछु । छलफलका समयमा नगरवासीहरूका तर्फबाट आफ्ना समस्या र चासोका विषयहरू राखिदिएर नगर स्वास्थ्य नीतिको खाका तयार गर्न सहयोग गर्नुहुने जेष्ठ नागरिकहरू, महिला दिदीबहिनीहरू, किशोरकिशोरी भाइबहिनीहरू, अपाङ्गताको क्षेत्रमा काम गरिरहनु भएका संघसंस्थाका प्रतिनिधिहरू लगायत सबैप्रति नगरपालिका हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

उद्धव खरेल<br>
नगर प्रमुख<br>
बुढानिलकण्ठ नगरपालिका

# विषयसूची

## खण्ड एक

परिचय

१.१ पृष्ठभूमि ७

१.२ सन्दर्भ/औचित्य ८

१.३ स्वास्थ्य नीति निर्माण प्रक्रिया ८

खण्ड दुई

नगरपालिकाको स्वास्थ्य नीति

२.१ भावि सोच १०

२.२ ध्येय १०

२.३ लक्ष्य १०

२.४ उद्देश्यहरू १०

२.५ स्वास्थ्य नीतिहरू ११

२.६ स्वास्थ्य नीतिका रणनीति, कार्यक्रम र सूचकहरू १३

३. बूढानीलकण्ठ नगरपालिकाको स्वास्थ्य नीतिले निर्देश गरेका प्राथमिककताका कार्यहरू ५५

४. जोखिमहरू ५७

५. समन्वय, अनुगमन र मूल्यांकन ५७

अनुसूची (नयाँ कार्यक्रमहरूको छोटो परिचय) ५८

# बूढानीलकण्ठ नगरपालिकाको स्वास्थ्य नीति २०७८

## खण्ड एक

## परिचय

### १.१ पृष्ठभुमि

बूढानिलकण्ठ नगरपालिका काठमाडौँ जिल्लामा अवस्थित प्रसिद्ध धार्मिक तीर्थस्थल बूढानीलकण्ठको नामबाट परिचित छ । शिवपुरी डाँडाको काखमा अवस्थित यो नगरपालिका चपली भद्रकाली, खड्का भद्रकाली, चुनिखेल, महाङ्काल, विष्णुबूढानीलकण्ठ र कपन गरी ६ वटा साविकका गाविसहरु मिलाएर बनाईएको हो । अहिले यो नगरपालिकामा १३ वटा वडाहरु छन् ।

नगर पार्श्वचित्र २०७५ मा उल्लेख गरिए अनुसार यो नगरपालिकामा जम्मा ३२,११९ घरपरिवार १,५६,३२९ जनसङ्ख्या रहेको छ । कुल जनसङ्ख्यामा महिला र पुरूषको अनुपात झन्डै बराबर (महिला ५०.३५ पुरूष ४९.७५) रहेका छ । यहाँ उमेर अनुसार १५ वर्षभन्दा कम उमेरको जनसंख्या १०.८ प्रतिशत छ भने जेष्ठ नागरिकहरु ४.६ प्रतिशत रहेका छन् । त्यसै गरी यस नगरपालिकामा एकसामुदायिक अस्पताल, ६ स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र् २ आधाभूत स्वास्थ्य केन्द्र १४ खोपकेन्द्र् र १४२ क्लिनिक र फार्मेसीहरु छन् । अधिकांश नगरबासीहरु अन्यत्र नै गई स्वास्थ्य जाँच तथा सेवा लिने भएकाले स्वास्थ्य समस्याको एकिन तथ्यांक छैन । तथापि, नगरपालिकामा रहेका स्वास्थ्य समस्यामा पहिलो नसर्ने रोग नै छ । त्यसपछि, दुषित खाना तथा पानीबाट सर्ने रोगहरु, सडक दुर्घटना आदि पर्दछन् ।

सिमित साधन श्रोतबाट नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई यी स्वास्थ्य समस्याहरुको निराकरण गर्नुपर्ने हुँदा योजनावद्व ढंगले सम्बोधन गर्न यो नगर स्वास्थ्य नीति तयार गरिएको हो ।

## १.२ सन्दर्भ/औचित्य

नेपालको संविधान २०७२ को धारा ३५,३८,३९,५१ तथा अनुसूची ८ र ९ ले गरेको स्वास्थ्यसम्बन्धी  व्यवस्थाहरूको स्थानीय तहमा योजनाबद्ध ढंगले कार्यन्वयन गर्न; जनस्वास्थ्य सेवा ऐन २०७५ को परिच्छेद २ दफा ४ ले तोकेका आधारभूत स्वास्थ्य सेवाहरूमा नगरबासीको सहच पहुँच अभिवृद्दी गर्न; स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (११)को (झ) मा उल्लेख भएका स्वास्थ्य सम्बन्धी काम कर्तव्य र अधिकारहरूलाई  सम्बोधन गर्न; राष्ट्रिय स्वास्थ्य नीति २०७६ को बुँदा ७ मा उल्लेख भए अनुरूप राष्ट्रिय नीतिहरूलाई मार्गदर्शक सिद्धान्तको रूपमा लिई स्थानीय सरकारले नगरबासीको स्वास्थ्य आवश्यकतालाई सबै तहका सरकार, विकास साझेदार, नीजि क्षेत्र तथा नागरिक समाजको समन्वय, साझेदारी तथा सहकार्यमा परिपूर्ति गर्न; नेपाल सरकारले गरेका महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार,सहस्राब्दी बिकास लक्ष्य लगायतका स्वास्थ्य सम्बन्धी विभिन्न अन्तरार्ष्ट्रिय प्रतिबद्दताको स्थानीय तहमा कार्यन्वयन गर्न र स्थानीय चुनाबको समयमा गरिएका स्वास्थ्य सम्बन्धी प्रतिबद्दताहरूलाई समेत सम्बोधन गर्नका लागि यो नगर स्वास्थ्य नीति तर्जुमा गरिएको हो ।

## १.३ स्वास्थ्य नीति निर्माण प्रक्रिया

यो स्वास्थ्य नीति नगरभित्र रहेका विद्यमान स्वास्थ्य समस्याहरु र ती समस्याहरूलाई सम्बोधन गर्ने नगरको क्षमताको लेखाजोखा गरी तथ्य तथ्याङ्कहरूको अधारमा तयार गरिएको छ । यसका लागि नगरपालिका र मातहत कार्यालयमा रहेका आवश्यक कागजातहरु, विवरणहरु र तथ्य तथ्याङ्कहरु सङ्कलन गरी अध्ययन गरियो । नीति निर्माणमा सबैको सहभागिता गराउने ध्येयले सम्बद्व सरोकारवालाहरूसँग छुट्टाछुटै तथा सामुहिक छलफल तथा अन्तरक्रिया गरी सल्लाह तथा सुझावहरु संकलन गरियो । नगरका स्वास्थ्य सम्बन्धी तथ्यहरु र सरोकारवालाहरूबाट प्राप्त

सुझावहरूको आधारमा नै यो नीति तर्जुमा गरिएको छ । पहिलो चरणमा नगरभित्रका स्वास्थ्यकर्मीहरु, जेष्ठ नागरिकहरु, महिला समुहका प्रतिनिधिहरु, किशोरकिशोरी र बालबालिकाहरु, अपाङ्गता भएका व्यक्तिहरूका प्रतिनिधिहरूसँग छुट्टाछुट्टै छलफल गरी आवश्यकता पहिचान गरियो । पहिचान भएका आवश्यकताहरूका आधारमा नगर स्वास्थ्य नीतिको मस्यौदा तयार गरी नगरका स्वास्थ्य विज्ञहरु, स्वास्थ्यकर्मीहरु, वडा अध्यक्ष सहित जन प्रतिनिधिहरूलाई वितरण गरियो। सबै सरोकारवालाहरूले दिएको सुझावहरूको आधारमा परिमार्जन गरी यसको अन्तिम रूप तयार गरियो । यो नीति बूढानीलकण्ठ नगरपालिकाको कार्यकारी समितिको बैठक नम्वर र मिति लेख्ने बैठकबाट पारित गरी लागु गरिएको छ ।

# खण्ड दुई

# नगरपालिकाको स्वास्थ्य नीति

## २.१ भावी सोच

यो नीतिले **स्वस्थ, उत्पादनशील र खुशी नागरिक**को बसोबास भएको नगरपालिकाको परिकल्पना गर्दछ।

## २.२ ध्येय

जनताको प्रत्यक्ष सहभागितामा संघ तथा प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज लगायतका सम्पूर्ण सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रोतहरूको पहिचान तथा परिचालन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच अभिवृद्धि गरिनेछ ।

### २.३ लक्ष्य

गुणस्तरीय स्वास्थ्य सेवामा नगरबासीहरूको सहज पहुँच वृद्धिगरी स्वास्थ्य अवस्थामा सुधार ल्याइनेछ ।

### २.४ उद्देश्यहरू

१. सामाजिक न्याय तथा समताको मान्यतामा आधारित भएर आधारभुत स्वास्थ्य सेवाहरूमा नगरबासीहरूको समान पहुँच पुऱ्याउने ।

२. वातावरण प्रदुषण, अस्वस्थकर खाना तथा दुषित पानीबाट सृजित रोग र जोखिमको न्युनिकरण गर्ने ।

३. नगरबासीहरूमा स्वस्थ जीवनशैली प्रवर्धन गरी स्वास्थ्य अवस्थामा सुधार ल्याउने ।

४. सबै चिकित्सा पद्दतिहरूलाई समेटर एकीकृत स्वास्थ्य सेवाको स्थापना तथा सञ्चालन गर्ने ।

५. स्वास्थ्य सेवालाई सरल तथा गुणस्तरीय बनाउन दोहोरो प्रेषण प्रणाली स्थापना गर्ने ।

## २.५ स्वास्थ्य नीतिहरू

स्वस्थ ब्यक्तिहरूको स्वास्थ्य रक्षा र रोग लाग्न पूर्व नै रोकथाम तथा नियन्त्रणलाई मार्गनिर्देशक सिदान्तको रूपमा लिई जीवनचक्रको अवधारणा (Life Cycle Approach) मा आधारित निम्न स्वास्थ्य नीतिहरु तय गरिएका छन् ।

१. नगर क्षेत्रभित्रका बच्चा जन्माउन चाहने दम्पतीहरूका लागि स्वस्थ गर्भधारण, स्वस्थ शिशुको जन्म लगायत सुरक्षित मातृत्वसम्बन्धी सम्पूर्ण सेवाहरूलाई सुनिश्चित गरिनेछ ।

२. आमा तथा नवजात शिशुको स्वास्थ्य प्रवर्धन गरी विरामी हुने तथा ज्यान जोखिममा पर्ने सम्भावनालाई न्युनिकरण गरिनेछ ।

३. बालबालिकाहरूमा स्वस्थ, सक्रिय, सक्षम, सृजनशील र सकारात्मक सोच विकास गर्न आवश्यक वातावरणको प्रबन्ध गरिनेछ ।

४. स्वस्थ, ताजा र जैविक (अर्ग्यानिक) खानेकुराहरूको उत्पादन, वितरण र उपभोगको अवस्थालाई प्रवर्दन गर्दै नगरवासीहरूमा पौष्टिक तत्वहरूको अभाव तथा अस्वस्थकर खानाबाट उत्पन्न भएका स्वास्थ्य समस्याहरूको क्रमशः न्युनीकरण गरिनेछ ।

५. यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारसँग सम्बन्धित शिक्षा, सूचना र सेवामा नगरबासीहरूको पहुँच वृद्धि गरिनेछ ।

६. नगर क्षेत्रभित्रका सबै जेष्ठ नागरिकहरूलाई सम्मानपूर्ण, मर्यादित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

७. संघ तथा प्रदेशसँगको समन्वय र सहकार्यमा, दुषित हावा, पानी, खाना र वातावरण तथा असुरक्षित व्यवहारबाट हुनसक्ने सरूवा रोगहरूको रोकथाम तथा नियन्त्रण गरिनेछ ।

८. नगर क्षेत्रभित्र बढ्दै गएको नसर्ने रोगको भारलाई मध्यनजर गर्दै संघ तथा प्रदेशसँगको समन्वय र सहकार्यमा यसको रोकथाम तथा नियन्त्रण गरिनेछ ।

९. मानसिक स्वास्थ्य समस्याको न्यूनीकरण तथा उचित व्यवस्थापन गरिनेछ ।

१०. विपद् वा महामारी भएको अवस्थामा तत्काल व्यवस्थापन गर्न सक्ने गरी नगरपालिका तथा नगरबासीहरूको क्षमता विकास गरी नगर क्षेत्रभित्र हुन सक्ने सम्भावित विपद् तथा महामारीको न्यूनीकरण तथा व्यवस्थापन गरिने छ ।

११. नगर क्षेत्रभित्र रहेका सबै खालका अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्नुका साथै यसको सम्भावित कारणहरूको न्यूनीकरण गरिनेछ ।

१२. नगरबासीहरूको सहभागिता तथा सहकार्यमा वायु तथा ध्वनि प्रदुषण लगायत अन्य प्रदुषणको न्यूनीकरण र फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।

१३. आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई थप वैज्ञानिकिकरण गर्दै मुल प्रवाहीकरण गरिने छ ।

१४. आधुनिक सुचना प्रबिधिको प्रयोग गरी संघ तथा प्रदेश सरकारसँगको समन्वयमा नगरक्षेत्र भित्रका स्वास्थ्य संस्था र कार्यक्रमहरूको सूचना तथा विवरणहरु वास्तविक समय (Real Time) मा अद्यावधिक हुने गरी स्थानीय स्वास्थ्य सूचना प्रणालीको स्थापना र सञ्चालन तथा स्वास्थ्य सम्बन्धी अध्ययन अनुसनधान गरिनेछ ।

१५. नगरक्षेत्र भित्रको नियमित र आकस्मिक अवस्थाका लागि आवश्यक पर्ने स्वाथ्य सामाग्रीहरूको आङ्कलन गरी यसको आपूर्ति, भण्डारण र वितरणलाई व्यवस्थित गरिनेछ ।

१६. नगरक्षेत्र भित्र नागरिकहरूको आवश्यकता अनुसार गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक दक्ष जनशक्ति, भौतिक संरचना र वित्तीय व्यवस्थापन गरिने छ ।

## २.६ स्वास्थ्य नीतिका रणनीति, कार्यक्रम र सूचकहरू

**नीति १. नगर क्षेत्रभित्रका बच्चा जन्माउन चाहने दम्पतीहरूका लागि स्वस्थ गर्भधारण, स्वस्थ शिशुको जन्म र सुरक्षित मातृत्व सम्बन्धी सम्पूर्ण सेवाहरूलाई सुनिश्चित गरिनेछ ।**

| रणनीतिहरु | | कार्यक्रमहरु | | सुचकहरु | |
|---|---|---|---|---|---|
| १.१ | नगर क्षेत्रभित्रका दम्पतीहरूलाई स्वस्थ गर्भधारण, स्वस्थ गर्भ अवस्था, स्वस्थ शिशुको जन्म र स्वस्थ मातृत्वको लागि तयारी गर्ने। | १. | किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा (विद्यालय तथा समुदाय) | १. | प्रजनन् स्वास्थ्य र विवाहको उपयुक्त उमेरको बारेमा संचालित कार्यक्रम संख्या र सहभागी संख्या |
| | | २. | परिवार शिक्षा | २. | फोलिक एसिड उपयोग गरेका किशोरीहरु र गर्भवती महिलाहरूको संख्या |
| | | ३. | किशोरीहरूलाई फोलिक एसिड वितरण | ३. | गर्भावस्था भन्दा ३ महिना अघिदेखि नै चिकित्सकको सल्लाह बमोजिम स्वास्थ्य जाँच गरी फोलिक एसिड प्रयोग गरेका दम्पतीहरूको संख्या |
| | | ४. | विवाहित दम्पतीहरूका लागि दम्पती मनोविमर्श (Couple Counseling) तथा स्वास्थ्य अवस्थाको जाँच | | |
| | | ५. | एम हेल्थ सेवा | | |

| रणनीतिहरु | | कार्यक्रमहरु | | सुचकहरु | |
|---|---|---|---|---|---|
| १.२ | स्वास्थ्य संस्थामा गर्भवती जाँच तथा सुत्केरी गराउन आवश्यक सम्पुर्ण पूर्वाधारको तयारी गर्ने। | १.<br>२.<br>३.<br>४. | स्वास्थ्यकर्मीलाई गर्भजाँच तथा सुत्केरी गराउन सक्नेगरी सुरक्षित मातृत्व सम्बन्धी तालिम<br>स्वास्थ्य संस्थाहरुमा सुरक्षित मातृत्वको सेवाको लागि आवश्यक गुणस्तरीय स्वास्थ्य सामग्रीको आपूर्ति<br>सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा गर्भवती जाँच तथा सुत्केरी सेवा<br>आमा र शिशुको स्वास्थ्यमा आउन सक्ने जटिलताको उचित व्यवस्थापनका लागि दोहोरो प्रेषण प्रणालीको व्यवस्था | १.<br>२.<br>३.<br>४.<br>५.<br>६. | सुरक्षित मातृत्वसम्बन्धीको तालिम र तालिम प्राप्त स्वास्थ्यकर्मिहरुको संख्या<br>सुरक्षित मातृत्वको सेवाको लागि आवश्यक गुणस्तरीय स्वास्थ्य सामग्री पुगेका स्वास्थ्य संस्थाहरुको संख्या<br>गर्भवती तथा सुत्केरी जाँचको लागि छुट्टै कक्षको व्यवस्था भएका स्वास्थ्य संस्थाहरुको संख्या<br>कम्तिमा ४ पटक सम्म गर्भवती जाँच गराएका महिलाहरुको संख्या<br>सुरक्षित सुत्केरीका लागि समुदायस्तरमा तयारी व्यवस्थापन भएका समुदाय संख्या<br>दोहोरो प्रेषण प्रणालीबाट स्वास्थ्य सेवा लिई राखेका आमा तथा शिशुहरुको संख्या |

**नीति २. आमा तथा नवजात शिशुको स्वास्थ्य प्रवर्धन गरी विरामी हुने तथा ज्यान जोखिममा पर्ने सम्भावनालाई न्युनिकरण गरिनेछ ।**

| रणनीतिहरु | | कार्यक्रमहरु | | सुचकहरु | |
|---|---|---|---|---|---|
| २.१ | रणनीति नं १.२ र यसका कार्यक्रमहरु यो नीतिको लागि पनि कार्यान्वयन हुनेछन्। | | | | |
| २.२ | सुत्केरी आमाको जाँच तथा नवजात शिशुको निरन्तर वृद्धि तथा विकास लगायत स्वास्थ्य जाँचको व्यवस्था गर्ने। | १.<br>२.<br>३.<br>४. | स्वास्थ्यकर्मीहरुका लागि नवजात शिशु स्याहार सम्बन्धी प्रशिक्षण<br>नवजात शिशुको बृद्धि विकासको जाँच (स्वास्थ्य केन्द्र र घरभेट)<br>खोप कार्यक्रम<br>परिवार शिक्षा | १.<br>२.<br>३.<br>४.<br>५.<br>६. | नवजात शिशु स्याहारको विषयमा प्रशिक्षण प्राप्त स्वास्थ्यकर्मीको संख्या<br>कम्तिमा मापदण्ड अनुसार ४ पटक सुत्केरी जाँच गराएका सुत्केरी संख्या<br>मापदण्ड अनुसार वृद्धि विकास भएका शिशु संख्या<br>नवजात शिशुको निरन्तर वृद्धि तथा विकासको अनुगमन गरिएका केन्द्र र संस्थाहरुको संख्या<br>टि.टी खोप लगाएका गर्भवती महिलाहरुको संख्या<br>नवजात शिशुको लागि निर्धारित सम्पूर्ण खोप लगाईएका शिशु तथा बालबालिकाहरुको संख्या |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ७. | माप दण्ड अनुसार पुरा खोप नलगाएका शिशुहरूको संख्या |
| २.३ | नवजात शिशुलाई विगौती दुध लगायत ६ महिनासम्म आमाको दुध मात्र खुवाउन सुत्केरी महिला र परिवारलाई प्रेरित गर्ने। | १. | परिवार शिक्षा | १.<br>२.<br>३.<br>४. | जन्मेको १ घण्टाभित्रै बिगौती दुध खाएका शिशुहरूको संख्या<br>जन्मेको २४ घण्टाभित्र बिगौती दुध खाएका शिशुहरूको संख्या र खुवाउने आमाको संख्या<br>बच्चा जन्मिएपछि ६ महिनासम्म बच्चालाई आमाको दुध मात्र खुवाउनेको संख्या<br>बिगौती दुधको महत्वको बिषयमा संचालन भएका कार्यक्रम संख्या र सहभागी संख्या |

**३. बालबालिकाहरूमा स्वस्थ, सक्रिय, सक्षम, सृजनशील र सकारात्मक सोच विकास गर्न आवश्यक वातावरणको प्रबन्ध गरिनेछ ।**

| रणनीतिहरू | | कार्यक्रमहरू | | सुचकहरू | |
|---|---|---|---|---|---|
| ३.१ | बालबालिकालाई स्वस्थ तथा बालमैत्री वातावरणमा हुर्कन र शिक्षा प्राप्त गर्न पाउने व्यवस्था मिलाउने। | १.<br>२.<br><br><br>३. | परिवार शिक्षा<br>विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (स्वास्थ्य सेवा, सुरक्षित भौतिक संरचना र वातावरण)<br>बालबालिकाको उमेर अनुसारका खेल सामग्री तथा खेल मैदानको व्यवस्था | १.<br><br>२.<br><br>३. | नगर क्षेत्रभित्र विद्यालय जाँदै गरेका बालबालिकाहरूको संख्या<br>बालमैत्री वातावरणको मापदण्ड पुरा गरेका विद्यालयहरूको संख्या<br>विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम कार्यान्वयन भएका विद्यालय संख्या |

| रणनीतिहरू | | कार्यक्रमहरू | | सुचकहरू | |
|---|---|---|---|---|---|
| ३.२ | नगरक्षेत्र भित्र गृहिणी तथा अभिभावकत्व शिक्षा (Parenting Education)को व्यवस्था गर्ने । | १.<br>२. | परिवार शिक्षा<br>अभिभावकत्व शिक्षा सम्बन्धी शैक्षिक सामग्रीको उत्पादन तथा वितरण | १.<br>२.<br>३. | सञ्चालन भएका परिवार शिक्षा कार्यक्रमहरू र सहभागीको संख्या<br>अभिभावकत्व शिक्षा कार्यक्रममा सहभागीहरूको संख्या<br>अभिभावकत्व शिक्षा सम्बन्धी शैक्षिक सामग्रीको प्रकारहरू, उत्पादन र वितरण संख्या |
| ३.३ | नगरक्षेत्र भित्रका किशोरकिशोरीको स्वास्थ्य समस्यालाई लक्षित गरेर किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन र सूचना प्रणालीलाई | १.<br>२.<br>३. | स्वास्थ्यकर्मीहरूलाई राष्ट्रिय मापदण्ड अनुसार किशोरकिशोरी तथा महिला मैत्री स्वास्थ्य सेवा सम्बन्धी तालिम<br>नगरका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा किशोरकीशोरी तथा महिला मैत्री स्वास्थ्य सेवाको | १.<br>२.<br>३. | किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाहरूको संख्या<br>किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा उपभोग गरिराखेका किशोर-किशोरीहरूको संख्या<br>एम हेल्थको पहुँचमा रहेका किशोरकिशोरीहरूको संख्या |

| रणनीतिहरू | | कार्यक्रमहरू | | सुचकहरू | |
|---|---|---|---|---|---|
| | सुदृढ बनाउने। | <br>४. | सञ्चालन<br>एम हेल्थ | | |
| ३.४ | किशोरकिशोरीलाई लक्षित गरेर बनाइएका सूचना सामाग्रीहरूको सहज पहुँचको व्यवस्था गर्ने । | १.<br>२. | एम हेल्थ<br>किशोरकिशोरी सूचना केन्द्र | १.<br><br><br>२. | किशोरकिशोरी मैत्री सूचना सामग्रीको प्रयोग गर्ने किशोरकिशोरीको संख्या<br>किशोरकिशोरी सूचना केन्द्र संख्या |
| ३.५ | किशोरावस्थामा हुने मानसिक समस्यालाई मध्यनजर गर्दै विद्यालय, परिवार, समाज र संघ संस्थासँग सहकार्य गर्दै मानसिक स्वास्थ्यलाई प्रबर्धन गर्ने । | १.<br>२.<br>३. | परिवार शिक्षा<br>विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम<br>किशोरकिशोरी मैत्री मनोविमर्श सेवा | १.<br><br>२.<br><br><br>३. | सञ्चालन भएका परिवार शिक्षा कार्यक्रमहरु र सहभागीको संख्या<br>विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम कार्यान्वयन भएका विद्यालय र सहभागी किशोरकिशोरी संख्या<br>मनोविमर्श सेवा पाएका किशोरकिशोरी संख्या |

| रणनीतिहरू | | कार्यक्रमहरू | | सुचकहरू | |
|---|---|---|---|---|---|
| ३.६ | अस्वस्थकर खाना, सुर्तिजन्य पदार्थ र मदिरा सेवन गर्ने जस्ता कुलतबाट बच्न बालबालिकाहरूका लागि आवश्यक ज्ञान र सीप प्रदान गर्ने । | १.<br>२.<br>३.<br>४.<br><br>५.<br>६. | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम<br>विद्यालयमा स्वस्थ चमेनागृह<br>स्वस्थकर दिवा खाजा<br>कुलत तथा दुर्व्यसन विरूद्दको सामाजिक अभियान<br>परिवार शिक्षा<br>अभिभावक शिक्षा | १.<br><br>२.<br><br><br>३. | स्वस्थ चमेनागृह सञ्चालन भएका विद्यालय संख्या<br>स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन भएका बिद्यालयहरु र सहभागी संख्या<br>सञ्चालन भएका परिवार शिक्षा कार्यक्रमहरु र सहभागीको संख्या |

**४. स्वस्थ, ताजा र जैविक (अर्ग्यानिक) खानेकुराहरूको उत्पादन, वितरण र उपभोगको अवस्थालाई प्रवर्दन गर्दै नगरवासीहरूमा पौष्टिक तत्वहरूको अभाव तथा अस्वस्थकर खानाबाट उत्पन्न भएका स्वास्थ्य समस्याहरूको क्रमशः न्युनीकरण गरिनेछ ।**

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| ४.१ | नगरबासीको पोषणको स्थितिको पहिचान गर्ने। | १. | पोषण सम्बन्धी बृहत सर्वेक्षण (Macro and Micro Nutrient Survey) | १. | समुदायमा विभिन्न उमेर समुह र वर्गहरूमा विभिन्न प्रकारका कुपोषणको संख्या |
| ४.२ | पहिचान भएका पोषणसम्बन्धी समस्याहरूलाई सम्बन्धित सरोकारवालाहरु र नगरबासीहरूको समन्वय, सहकार्य र साझेदारीमा सम्बोधन गर्ने। | १.<br>२.<br>३.<br>४. | परिवार शिक्षा<br>हरेक भान्सा स्वस्थ भान्सा कार्यक्रम<br>किशोरकिशोरी लक्षित पोषण कार्यक्रम<br>पोषण पुनर्स्थापना कार्यक्रम | १. | पहिचान भएका पोषण सम्बन्धी समस्या भएका व्यक्तिहरूको संलग्नता र अवस्था सुधार भएकाहरूको संख्या |
| ४.३ | असल पोषण अभ्यासको लागि चेतना अभिवृद्दि तथा सामुदायिक परिचालन अभियान सञ्चालन गर्ने । | १.<br>२.<br>३. | परिवार शिक्षा<br>असल पोषण सम्बन्धी खाना महोत्सव (Food Festival)<br>पोषण सम्बन्धी सचेतना | १.<br>२. | सञ्चालन भएका परिवार शिक्षा कार्यक्रमहरु र सहभागीको संख्या<br>खाना महोत्सव संख्या र |

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| | | | कार्यक्रम (सडक नाटक, सञ्चार पैरवी आदि) | | सहभागी संख्या |
| | | ४. | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम | ३. | पोषण सम्बन्धी समुदाय सचेतना कार्यक्रम संख्या र सहभागी संख्या |
| | | | | ४. | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएका विद्यालय संख्या र सहभागी संख्या |
| | | | | ५. | समुदायमा असल पोषण अभ्यास गरिराखेका परिवार संख्या |
| ४.४ | करेसावारी, कौसीखेती र अन्य अर्ग्यानिक उत्पादन, वितरण र उपभोगलाई प्रोत्साहन तथा प्रवर्धन गर्ने | १. | व्यवस्थित करेसाबारी खेती र कौशिखेती कार्यक्रम | १. | करेसाबारी खेती र कौशीखेती गर्ने परिवार संख्या |
| | | २. | अर्ग्यानीक कृषि उत्पादनहरुको बजार व्यवस्थापन | २. | अर्ग्यानिक कृषि उत्पादन व्यवस्थित बनाइ बजारमा बेच्ने कृषकहरुको संख्या |

**५. यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारसँग सम्बन्धित शिक्षा, सूचना र सेवामा नगरवासीहरूको पहुँच वृद्दि गरिनेछ ।**

| रणनीतिहरु | | कार्यक्रमहरु | | सुचकहरु | |
|---|---|---|---|---|---|
| ५.१ | नगरवासीहरूमा रहेको यौन तथा प्रजनन् स्वास्थ्यसँग सम्वन्धित समस्याहरूको पहिचान तथा तिनको उपयुक्त समाधान गर्ने | १. | यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार सम्बन्धी नगर स्तरीय बृहत सर्वेक्षण | १. | यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार सम्बन्धी नगर स्तरीय तथ्य तथ्याङ्क |
| ५.२ | नगरक्षेत्रका स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको क्षमता अभिवृद्दि गरी यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारसँग सम्बन्धित सेवाहरु गुणस्तरीय रूपमा प्रदान गर्ने। | १.<br><br><br><br><br>२. | यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारसँग सम्बन्धित गुणस्तरीय सेवा दिनका लागि स्वास्थ्यकर्मीको क्षमता अभिवृद्दि तालिम<br>मैत्रीपूर्ण र गुणस्तरीय स्वास्थ्य सेवाका लागि सेवा प्रदायक | १.<br><br>२.<br><br><br>३. | क्षमता अभिवृद्दि सम्बन्धी तालीम तथा सहभागी संख्या<br>यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी गुणस्तरीय सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूको संख्या<br>मैत्रीपूर्ण र गुणस्तरीय यौन तथा प्रजनन् स्वास्थ्य सेवा लिनेहरूको |

| रणनीतिहरु | | कार्यक्रमहरु | | सुचकहरु | |
|---|---|---|---|---|---|
| | | <br><br>३. | संस्थाहरुको भौतिक पूनर्संरचना तथा आपूर्ति व्यवस्था<br>सम्मानपूर्ण यौन तथा प्रजनन् स्वास्थ्य सेवा | | संख्या |
| ५.३ | यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारसँग सम्बन्धित शिक्षा, सुचना र सेवा लिन सक्ने गरी नगरबासीहरुलाई सशक्तिकरण गर्ने । | १.<br>२.<br>३. | परिवार शिक्षा कार्यक्रम<br>विद्यालय शिक्षा कार्यक्रम<br>यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार सम्बन्धी सकारात्मक जनमत तयार गर्न समुदाय परिचालन (आम सञ्चार, सडक नाटक, छलफल अन्तरक्रिया, सार्बजनिक बहस आदि) | १.<br>२.<br><br><br>३. | घरभेट संख्या<br>विद्यालय शिक्षा कार्यक्रम सञ्चालन भएका विद्यालय र विद्यार्थी संख्या<br>स्वास्थ्य संस्थाबाट यौन तथा प्रजनन् स्वास्थ्य सेवा लिने सेवाग्राहीको संख्या |

६. **नगरक्षेत्र भित्रका सबै जेष्ठ नागरिकहरूले सम्मान पूर्ण, मर्यादित र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नेछन् ।**

| | **रणनीति/हरु** | | **कार्यक्रम/हरु** | | **सुचक/हरु** |
|---|---|---|---|---|---|
| ६.१ | नगरक्षेत्र भित्र भएका सम्पूर्ण जेष्ठ नागरिकहरूको स्वास्थ्य आवश्यकता पहिचान गर्ने। | १. | जेष्ठ नागरिक सम्बन्धी नगरस्तरीय बृहत सर्वेक्षण | १. | नागरिकहरूको स्वास्थ्य सम्बन्धी पहिचान भएका समस्याहरु र संख्या |
| ६.२ | जेष्ठ नागरिकहरूको लागि आवश्यक सम्पुर्ण स्वास्थ्य सेवाहरु सहज, मैत्रीपुर्ण र सम्मानजनक वातावरणमा उपलब्ध गराउने। | १.<br>२. | सबै स्वास्थ्य संस्था मार्फत जेष्ठ नागरिक स्वास्थ्य सेवा (रोग पहिचान देखि पुनःस्थापना र प्यालेटिभ केयरसम्म)<br>घरघरमा निःशुल्क औषधी तथा स्वास्थ्य सेवा र यसको निरन्तर | १.<br>२.<br>३. | जेष्ठ नागरिक मैत्री गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूको संख्या<br>निरन्तर अनुगमनमा रहेका जेष्ठ नागरिकहरूको संख्या<br>सञ्चालन भएका जेष्ठ नागरिक |

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| | | ३. | अनुगमन<br>जेष्ठ नागरिक मनोविमर्श कार्यक्रम | | मनोविमर्श कार्यक्रम र सहभागी संख्या |
| ६.३ | जेष्ठ नागरिकसँग भएको परम्परागत स्वास्थ्यसँग सम्बन्धित अनुभव, ज्ञान र सीपलाई पुस्ता हस्तान्तरण गर्ने। | १.<br><br><br><br><br>२. | स्वास्थ्यसँग सम्बन्धित परम्परागत ज्ञान, सीप र अनुभव (जडीबुटी, योग, व्यायाम, पथ्य आहार विहार आदि) लाई संग्रह गर्ने<br>संग्रहित ज्ञान सीप अनुभवलाई युवा पुस्तामा हस्तान्तरण (तालीम गोष्ठी अभ्यास आदि) | १.<br><br>२. | जेष्ठ नागरिकबाट संग्रहित भएका ज्ञान, सीप र अनुभवका प्रकारहरु<br>पुस्ता हस्तान्तरण कार्यक्रममा सहभागी संख्या |

## ७. संघ तथा प्रदेशसँगको समन्वय र सहकार्यमा, दुषित हावा, पानी, खाना र वातावरण तथा असुरक्षित व्यवहारबाट हुनसक्ने सरूवा रोगहरूको रोकथाम तथा नियन्त्रण गरिनेछ ।

| | रणनीतिहरू | | कार्यक्रमहरु | | सुचकहरु |
|---|---|---|---|---|---|
| ७.१ | नगरबासीहरूको प्रत्यक्ष सहभागिता र सहकार्यमा सरसफाई, सफा खानेपानी, स्वस्थ खाना र वातावरण प्रदुषण नियन्त्रणका लागि समुदाय परिचालन गर्ने। | १.<br>२.<br>३. | जनस्वास्थ्य निरिक्षण तथा अनुगमन<br>मेरो टोल सफा टोल अभियान सञ्चालन<br>हरियाली प्रवर्धनका लागि वृक्षारोपण | १.<br>२.<br>३.<br>४. | जनस्वास्थ्यको मापदण्ड पालना गरेका परिवार संख्या<br>मेरो टोल सफा टोल अभियान सञ्चालन भएका टोलसंख्या र सहभागी संख्या<br>वृक्षारोपण कार्यक्रम संख्या र रोपिएका बोट बिरूवाहरूको संख्या<br>नगरक्षेत्र भित्र नयाँ सरूवा रोगीहरूको संख्या |
| ७.२ | सरूवा रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रणमा नगर क्षेत्रभित्रका अस्पताल | १. | स्वास्थ्यकर्मीको सुरक्षा संगसंगै स्वस्थ्य जाँचको लागि आवश्यक पूर्वाधारको व्यवस्था | १.<br>२. | सरूवा रोग व्यवस्थापनको लागि सक्षम स्वास्थ्य संस्थाहरूको संख्या<br>सरूवा रोग रोकथाम तथा |

| | रणनीतिहरु | | कार्यक्रमहरु | | सुचकहरु |
|---|---|---|---|---|---|
| | लगायतका स्वास्थ्य संस्थाहरुलाई सक्षम बनाउने । | २.<br><br><br><br>३. | सरूवारोग नियन्त्रणको लागि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीहरुलाई तालिम<br>सरुवा रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी स्वास्थ्य सेवा | <br><br>३. | नियन्त्रण सम्बन्धी तालिम र सहभागी संख्या<br>सरुवा रोग सम्बन्धी वार्षिक तथ्याङ्क |
| ७.३ | नगरबासीहरुलाई सफा र सुरक्षित खानेपानी वितरण तथा स्वस्थ खाद्यवस्तुका लागि नगरक्षेत्र भित्र उत्पादन तथा वितरण हुने खाद्य वस्तुको गुण नियन्त्रण अनुगमन गर्ने। | १. | जनस्वास्थ्य निरिक्षण तथा अनुगमन | १.<br><br>२. | जनस्वास्थ्य निरीक्षकद्वारा निरीक्षण गरिएका स्थल संख्या<br>जनस्वास्थ्य मापदण्ड मिचेर वा छलेर वितरण गरिएका खाद्य बस्तुहरुको प्रकार र संख्या |
| ७.४ | नगरबासीहरुको सहभागितामा किटजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि घरवरिपरिको वातावरण सफा | १.<br><br><br>२. | नगरपालिकाद्वारा सार्बजनिक स्थलहरुमा आवश्यकता अनुरूप किट्नाशक औषधी छर्किने<br>विद्यालय क्षेत्र भित्र किट्जन्य | १.<br><br>२. | किट्नाशक औषधी छर्किएका सार्वजनिक स्थलहरु संख्या<br>किट्नाशक औषधी प्रयोग गरि किट्जन्य रोगहरु रोकथाम गरेका |

| | रणनीतिहरु | | कार्यक्रमहरु | | सुचकहरु |
|---|---|---|---|---|---|
| | र स्वस्च्छ राख्नका साथै आवश्यकता अनुसार किट्नाशक औषधीहरूको प्रयोग गर्ने । | | रोगहरु रोकथाम गर्न अनिवार्य किटनासक औषधी प्रयोग | | विद्यालय संख्या |
| | | ३. | मेरो टोल सफा र सुरक्षित टोल अभियान सञ्चालन गर्ने | ३. | मेरो टोल सफा र सुरक्षित टोल अभियानमा सहभागी टोल तथा नगरबासी संख्या |
| | | ४. | असाहाय नगरबासीहरूलाई नगरपालिकाद्वारा झुलको व्यवस्था | ४. | असाहाय नगरबासीहरूलाई वितरण गरिएका झुलहरूको संख्या |
| | | | | ५. | किट्जन्य जीवबाट हुने रोगको प्रकार र रोगीहरूको संख्या |
| ७.५ | दीर्घ प्रकृतिका सरुवा रोगहरूलाई नेपाल सरकारको मापदण्ड अनुसार रोकथाम, उपचार, नियन्त्रण र अनुगमन गर्ने। | १. | स्वास्थ्य संस्थालाई सुदृढ बनाउदै दीर्घ प्रकृतिका सरूवा रोग (क्षय, कुष्ठ,एचआईभी, हेपाटाईटिस बी र सी, हात्तिपाईले, आदि) नियन्त्रणको लागि आवश्यक प्रशिक्षण तथा पूर्वाधार व्यवस्थापन | १. | दीर्घ प्रकृतिका सरूवा रोगको प्रकार र रोगीहरूको संख्या |
| | | | | २. | दीर्घ प्रकृतिका सरूवारोगबाट हुने मृत्यु संख्या |
| | | | | ३. | दीर्घ प्रकृतिका सरूवारोगको बिरूद्ध खोप लगाएका नगरबासीहरूको संख्या |

| रणनीतिहरू | | कार्यक्रमहरू | | सुचकहरू | |
|---|---|---|---|---|---|
| | | २. | सेवाको पहुँच वृद्दि गर्न जनचेतना मुलक कार्यक्रम खोप सेवा | | |
| ७.६ | घरपालुवा पशुपन्छीहरूको नियमित स्वास्थ्य परिक्षण, खोप तथा उचित स्वास्थ्य उपचारको प्रबन्ध मिलाउने | १.<br>२.<br>३. | घर पालुवा जनवारहरूको स्वास्थ्य परिक्षण र खोप अभियान<br>नगर क्षेत्र भित्रका सडक कुकुरहरूको नियन्त्रण<br>जनस्वास्थ्य निरीक्षण तथा अनुगमन | १.<br>२. | घरपालुवा पशुपन्छीबाट सर्ने रोगहरूको संख्या<br>रोगी घरपालुवा पशुपन्छीहरूको संख्या |

**८. नगर क्षेत्र भित्र बढ्दै गएको नसर्ने रोगको भारलाई मध्यनजर गर्दै संघ तथा प्रदेशसँगको समन्वय र सहकार्यमा यसको रोकथाम तथा नियन्त्रण गरिनेछ ।**

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| ८.१ | नगरबासीहरूको प्रत्यक्ष सहभागिता र सहकार्यमा नसर्ने रोगहरूको कारण, जोखिम र रोकथामका लागि जनचेतना अभिवृद्दी गर्दै नगरबासीहरूलाई स्वस्थ जीवनशैली अपनाउन आवश्यक सहयोग तथा अभिप्रेरित गर्ने । | १. | आम सञ्चार, सार्वजनिक कार्यक्रम तथा विद्यालय शिक्षा मार्फत जनचेतना | १. | नसर्ने रोगहरूको रोकथामका लागि संचालित कार्यक्रमहरूको संख्या र सहभागीहरूको संख्या |
| | | २. | सार्वजनिक/सामुदायिक मनोरञ्जन तथा खेलमैदान स्थापना तथा सञ्चालन | २. | स्थापित तथा निर्माणाधीन मनोरञ्जन स्थल तथा खेल मैदानहरूको संख्या |
| | | ३. | स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरूमा 'आफ्नो स्वास्थ | ३. | आफ्नो स्वास्थ्य आँफै मापन गर्ने नगरबासीहरूको संख्या |
| | | | | ४. | स्वस्थ जीवनशैली अपनाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आँफै जाँचौ' कार्यक्रम सञ्चालन गर्ने | ५. | नगरबासीहरूको संख्या<br>नसर्ने रोगहरूको किसिम र रोगीहरूको संख्या |
| ८.२ | नसर्ने रोगहरूको समय मै निदान, उपचार, पुनःस्थापन र प्रेषण व्यवस्थापनका लागि सम्बद्ध अस्पताल तथा निकायहरूसँग समन्वय र सहकार्य गर्ने। | १.<br>२.<br>३. | नगर अस्पतालले विशेषज्ञ अस्पतालसँगको समन्वयमा नियमित घुम्ती स्वास्थ्य सेवा<br>दोहोरो प्रेषण प्रणालीको स्थापना<br>पेन प्याकेजको कार्यान्वयन | १.<br>२.<br>३. | नसर्ने रोग सम्बन्धी स्वास्थ्य सेवा लिने नगरबासीहरूको संख्या<br>नसर्ने रोग सम्बन्धी संचालित घुम्ती स्वास्थ्य सेवा संख्या र सेवाग्राही संख्या<br>पेन प्याकेज कार्यान्वयन भएका स्वास्थ्य संस्थाहरूको संख्या |

## ९. मानसिक स्वास्थ्य समस्याको न्यूनीकरण तथा उचित व्यवस्थापन गरिनेछ ।

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| ९.१ | नगर क्षेत्रभित्र मानसिक स्वास्थ्य समस्याहरूको अवस्था तथा कारक तत्वहरूको पहिचान गरी तिनीहरूको न्यूनीकरण गर्ने | १.<br>२.<br><br>३.<br>४. | मानसिक रोगहरु सम्बन्धी नगरस्तरिय बृहत सर्वेक्षण<br>सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम (मनोविमर्श, निदान तथा उपचार, जनचेतना आदि)<br>विद्यालय स्वास्थ्य शिक्षा<br>परिवार शिक्षा | १.<br>२.<br>३.<br>४. | नगर क्षेत्रभित्रका मानसिक रोगहरूको प्रकार र संख्या<br>समुदाय स्तरमा मानसिक स्वास्थ्य कार्यक्रम संख्या र सहभागी संख्या<br>विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएका विद्यालय संख्या र विद्यार्थी संख्या<br>घर भेट कार्यक्रम संख्या |

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| ९.२ | नगरबासीहरुको समन्वय र सहकार्यमा मानसिक स्वास्थ्यसँग सम्बन्धित भ्रम चिर्दै उनीहरु माथि हुने विभेद र कलंकको अन्त्य गर्ने। | १.<br>२.<br>३. | सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम<br>विद्यालय स्वास्थ्य शिक्षा<br>परिवार शिक्षा | १.<br>२.<br>३.<br>४. | नगरक्षेत्र भित्र मानसिक स्वास्थ्य समस्याकै कारण विभेदको अनुभव गरेका नगर बासीहरुको संख्या<br>नगरक्षेत्र भित्र मानसिक स्वास्थ्य सम्बन्धी संचालित कार्यक्रम र सहभागी संख्या<br>मानसिक स्वास्थ्य सम्बन्धी संचालित विद्यालय स्वास्थ्य कार्यक्रम संख्या र सहभागी संख्या<br>घर भेट कार्यक्रम संख्या |

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| ९.३ | स्वास्थ्य समस्या भएका व्यक्तिहरूको तत्काल उपचार, आवश्यकता अनुसार प्रेषण र निरन्तर अनुगमनको व्यवस्था मिलाउने | १. | सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम | १. | मानसिक स्वास्थ्य सेवा लिने नगरबासीहरूको संख्या |
| | | २. | दोहोरो प्रेषण प्रणाली | २. | मानसिक स्वास्थ्य सेवाबाट बन्चित नगरबासीहरूको संख्या |
| | | ३. | मानसिक स्वास्थ्य सम्बन्धी विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा | ३. | मानसिक स्वास्थ्य सम्बन्धी विशेषज्ञ घुम्ती स्वास्थ्य सेवाहरूको संख्या र सेवाग्राहीहरूको संख्या |

**१०. विपद् वा महामारी भएको अवस्थामा तत्काल व्यवस्थापन गर्न सक्ने गरी नगरपालिका तथा नगरबासीहरूको क्षमता विकास गरी नगरक्षेत्र भित्र हुन सक्ने सम्भावित विपद् तथा महामारीको न्यूनिकरण गरिने छ ।**

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| १०.१ | नगरक्षेत्र भित्र हुँदै आएका सडक दुर्घटना न्यूनीकरण गर्ने। | १.<br>२.<br><br><br>३. | विद्यालय स्वास्थ्य शिक्षा<br>युवा क्लब तथा केन्द्रहरु मार्फत सडक दुर्घटना न्यूनीकरण अभियान<br>ट्राफिक नियम र मापदण्ड अनुसार सडकको व्यवस्थापन | १.<br><br><br><br>२.<br><br><br>३.<br>४. | सडक दुर्घटना सम्बन्धी विद्यालय स्वास्थ्य कार्यक्रम संचालन भएका विद्यालय संख्या र सहभागी विद्यार्थी संख्या<br>युवा क्लवहरुद्धारा सडक दुर्घटना न्यूनीकरण कार्यक्रम संख्या र सहभागी संख्या<br>सडक दुर्घटनाको प्रकार र संख्या<br>सडक दुर्घटनाबाट हुने मृत्यु संख्या |

| | रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु |
|---|---|---|---|---|---|
| १०.२ | नगरक्षेत्र भित्रका स्वास्थ्य संस्था, विद्यालयहरु, सामाजिक संघ संस्थाहरु र स्वयम् सेवक समुह निर्माण गरि विपद् व्यवस्थापनको लागि तयारी अवस्थामा राख्ने। | १.<br><br><br><br>२. | स्वास्थ्य संस्था, विद्यालयहरु, सामाजिक संघ संस्थाहरु र स्वयम सेवक समुहको निर्माण<br>विपद व्यवस्थापन सम्बन्धी प्रशिक्षण तथा नियमित अभ्यास | १.<br><br><br>२. | विपद् व्यवस्थापनको पुर्वतयारी सम्पन्न स्वास्थ्य संस्था, विद्यालयहरु, सामाजिक संघ संस्थाहरुको संख्या<br>विपद् व्यवस्थापन सम्बन्धी संचालित तालिम संख्या र सहभागी संख्या |

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| १०.३ | संघ तथा प्रदेश सरकारबाट तयार गरिएका विपद् तथा महामारी न्यूनीकरण र व्यवस्थापन सम्बन्धी ऐन, नियम, आचारसंहिता, मापदण्ड, प्रोटोकल, निर्देशिका र कार्यविधिहरुको कार्यान्वयन | १.<br>२.<br>. | स्थानीय विपद् व्यवस्थापन समितिको गठन गरी क्रियाशील गराउने (विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ सँग सम्बन्धित)<br>उक्त समितिलाई दिईएको कार्यादेश अनुसारको कार्य सम्पादन र नियमित अनुगमन | १.<br>२. | विपद् तथा महामारी न्यूनीकरण र व्यवस्थापन सम्बन्धी स्थानीय कार्य समितिले संचालन गरेका कार्यक्रम संख्या र सहभागी संख्या<br>स्थानीय विपद् व्यवस्थापन समितिद्वारा अनुगमन गरिएका संघ संस्थाहरुको संख्या |

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| १०.४ | विपद न्यूनीकरण र व्यवस्थापनका लागि समुदायको क्षमता बिकास गरी हरक्षण तयारी अवस्थामा राख्ने। | १. | समुदायस्तरमा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन समुहहरूको गठन गरी क्रियाशील राख्ने । | १. | बिपद् न्यूनीकरण र व्यवस्थापन सम्बन्धी समुह संख्या, संचालित कार्यक्रम सङ्ख्या र सहभागी संख्या |
| १०.५ | विपद्का समयमा गर्नुपर्ने आवश्यक उद्दार, प्रतिकार्य र पुनर्स्थापना गर्नका लागि आवश्यक श्रोत तथा क्षमता विकास गर्ने । | १. | स्थानीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाई आवश्यक साधन श्रोत तथा जनशक्तिको अवस्था सदैव तयारी हालतमा राख्ने । | १. | विपद् तथा माहामारीको जोखिम न्यूनीकरण गर्न श्रोतसाधन सम्पन्न संघ संस्थाहरूको संख्या |

**११. नगरक्षेत्र भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्नुका साथै यसको सम्भावित कारणहरूको न्यूनिकरण गरिनेछ ।**

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| ११.१ | स्वास्थ्य संस्था लगायत अपाङ्गतासँग सम्बन्धित सरोकारवाला निकायहरूमा अपाङ्गमैत्री वातावरणको प्रबर्धन गर्ने । | १.<br>२. | अपाङ्गता मैत्री स्वास्थ्य सेवा कार्यक्रम<br>स्वस्थ्य संस्थाहरूको भौतिक संरचनाहरूको शतप्रतिशत अपाङ्गता मैत्री पुनर्संरचना | १.<br>२. | अपाङ्ग मैत्री स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तथा निकायहरूको संख्या<br>शतप्रतिशत अपाङ्गता मैत्री भौतिक संरचनाहरूको संख्या |
| ११.२ | अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सेवामा सहज पहुँचका लागि मोबाईल/ ईन्टरनेटमा आधारित मनोविमर्श सेवा सञ्चालन गर्ने। | १. | एप हेल्थ सेवा | १. | एप हेल्थ सेवा प्रयोग गरेर स्वास्थ्य सेवा लिई राखेका अपाङ्गता भइका व्यक्तिहरूको संख्या |

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| ११.३ | अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक स्वास्थ्य उपचार तथा पुनःस्थापनाका सेवाहरु सहज र सरल ढङ्गले उपलब्ध गराउने । | १. | अपाङ्गता मैत्री स्वास्थ्य सेवा कार्यक्रम | १. | अपाङ्गता मैत्री स्वास्थ्य सेवा पाएका अपाङ्गता भएका व्यक्तिहरुको संख्या |

**१२. नगरबासीहरूको सहभागिता तथा सहकार्यमा वायु तथा ध्वनि प्रदुषण लगायत अन्य प्रदुषणको न्यूनीकरण र फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।**

| रणनीतिहरू | | कार्यक्रमहरू | | सुचकहरू | |
|---|---|---|---|---|---|
| १२.१ | नगरक्षेत्र भित्र हरियाली प्रवर्धन गर्न, उपयुक्त बोट बिरूवाहरू हुर्काउन र संरक्षण गर्न नगरबासीहरूलाई उत्प्रेरित गर्ने । | १.<br>२. | हरियाली प्रवर्धनका लागि बृक्षारोपण<br>मेरो टोल सफा टोल अभियान | १.<br>२. | नगरक्षेत्र भित्र नयाँ रोपिएका बोटबिरूवाको संख्या<br>मेरो टोल सफा टोल अभियानमा सहभागी टोलहरू र घरधुरी संख्या |
| १२.२ | नगरभित्र रहेका उद्योग कलकारखानाहरूलाई प्रदुषण न्यूनीकरणको राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड अनुसार मात्र सञ्चालन गर्ने अनुमति दिने। | १.<br>२. | जनस्वास्थ्य निरीक्षण तथा अनुगमन<br>नगरपालिका आँफैले उद्योग कलकारखाना सञ्चालन अनुमतिको मापदण्ड तयार गरी कार्यान्वयन गर्ने । | १.<br>२. | जनस्वास्थ्य निरीक्षकद्वारा निरीक्षण गरिएका उद्योग कलकारखानाहरूको संख्या<br>नगरपालिकाको उद्योग कलकारखाना सञ्चालन अनुमति मापदण्डको प्रयोग गरेर अनुमति दिईएका उद्योग कलकारखानाहरूको संख्या |

| रणनीतिहरू | | कार्यक्रमहरू | | सुचकहरू | |
|---|---|---|---|---|---|
| १२.३ | घरघरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने छुट्टाउने र सोही अनुसार व्यवस्थापन गर्ने। | १.<br><br>२.<br><br><br><br><br><br><br>३. | मेरो टोल सफा र सुरक्षित टोल अभियान<br>फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन (फोहोर मैलाको उत्पादन घटाउने, पुनर्प्रयोग गर्ने र पुनर्चक्रिय व्यवस्थापन गर्ने)<br>प्लास्टिकको झोलाको प्रयोगमा रोक | १.<br><br>२.<br><br><br>३.<br><br>४.<br><br>५. | मेरो टोल सफा र सुरक्षित टोल अभियान संख्या र सहभागी टोलहरूको संख्या<br>घरबाट निस्किने कुहिने फोहोरको प्रयोग गरेर कम्पोस्ट मल उत्पादन गर्ने परिवार संख्या<br>घरबाट निस्किने फोहोर घरमै व्यवस्थापन गर्ने परिवारहरूको संख्या<br>प्लास्टिक ब्यागको प्रयोग गर्ने नगरबासीको संख्या<br>सामान किन्न जाँदा कपडाको झोला प्रयोग गर्ने नगरबासीहरूको संख्या |

| रणनीतिहरू | | कार्यक्रमहरू | | सुचकहरू | |
|---|---|---|---|---|---|
| १२.४ | नगरबासीहरूमा वातावरण संरक्षण सम्बन्धी चेतना अभिबृद्धि गर्ने | १.<br>२.<br>३. | विद्यालय शिक्षा कार्यक्रम<br>परिवार शिक्षा<br>वातावरण संरक्षणका लागि सकारात्मक जनमत तयार गर्न समुदाय परिचालन (आम सञ्चार, सडक नाटक, छलफल, अन्तरक्रिया, सार्बजनिक बहस,आदि) | १.<br>२.<br>३. | वातावरण संरक्षण सम्बन्धी विद्यालय शिक्षा कार्यत्रम संचालन भएका विद्यालयहरूको संख्या र सहभागी विद्यार्थी संख्या<br>परिवार शिक्षा कार्यत्रम संख्या र सहभागी संख्या<br>समुदाय भित्र वातावरण संरक्षण सम्बन्धी संचालित कार्यत्रमहरूको संख्या र सहभागी संख्या |
| १२.५ | ब्यवसायिक स्वास्थ्यको प्रवर्दन गरिनेछ | १. | ब्यवसायिक स्वास्थ्यसम्बन्धी चेतना अभिवृद्धि | १. | ब्यवसायिक स्वास्थ्यसम्बन्धी चेतना अभिवृद्धि भएको जनसङ्ख्या |

## १३. आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई थप वैज्ञानिकीकरण गर्दै मुलप्रवाहीकरण गरिने छ।

| रणनीतिहरु | | कार्यक्रमहरु | | सुचकहरु | |
|---|---|---|---|---|---|
| १३.१ | संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्दतीलाई स्थानीय स्वास्थ्य सेवा प्रणालीमा एकिकृत गरी क्रमशः वैज्ञानिकीकरण गर्दै जाने । | १. | आयुर्वेद तथा वैकल्पिक चिकित्साको वैज्ञानिक आधार सम्बन्धी अध्ययन अनुसन्धान | १. | आयुर्वेद तथा वैकल्पिक चिकित्सासँग सम्बन्धित अध्ययन अनुसन्धानहरूको संख्या |
| | | २. | एकिकृत स्वास्थ्य सेवा कार्यक्रम | २. | एकिकृत स्वास्थ्य सेवा प्रणालीको विकास गरी सञ्चालित स्वास्थ्य संस्थाहरूको संख्या |

| रणनीतिहरू | | कार्यक्रमहरू | | सुचकहरू | |
|---|---|---|---|---|---|
| १३.२ | नगर क्षेत्रमा कार्यरत स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूलाई एकीकृत स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अभिमुखिकरण तथा क्षमता अभिवृद्धि गर्ने । | १.<br>२.<br>३. | एकीकृत स्वास्थ्य सेवा सम्बन्धी स्वास्थ्यकर्मीहरूलाई आवश्यकता अनुरूप तालिम/प्रशिक्षण<br>एकीकृत चिकित्सा पद्धतिका लागि जनशक्ति व्यवस्थापन<br>एकीकृत चिकित्सा पद्धतिको पूर्वाधार तयार | १.<br>२. | एकीकृत स्वास्थ्य सेवा सम्बन्धी तालिम संख्या र सहभागी स्वास्थ्यकर्मीहरूको संख्या<br>एकीकृत चिकित्सा पद्धतिको पूर्वाधार सम्पन्न स्वास्थ्य संस्थाहरूको संख्या |

**१४. आधुनिक सुचना प्रबिधिको प्रयोग गरी संघ तथा प्रदेश सरकारसँगको समन्वयमा नगरक्षेत्र भित्रका स्वास्थ्य संस्था र कार्यक्रमहरूको सूचना तथा विवरणहरू वास्तविकसमय (Real Time) मा अद्यावधिक हुने गरी स्थानीय स्वास्थ्य सूचना प्रणालीको स्थापना र सञ्चालन तथा स्वास्थ्य सम्बन्धी अध्ययन अनुसनधान गरिनेछ ।**

| रणनीतिहरू | | कार्यक्रमहरू | | सुचकहरू | |
|---|---|---|---|---|---|
| १४.१ | संघीय सरकारको स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीसँग मिल्नेगरी नगर क्षेत्रभित्रका सबै स्वास्थ्य संस्था र कार्यक्रमहरूको सूचना तथा विवरणहरू अद्यावधिक हुने गरी स्थानीय स्वास्थ्य सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने | १.<br>२. | एम–हेल्थ<br>स्थानीय स्वास्थ्य सुचना प्रविधिको निर्माण र सञ्चालन | १.<br>२.<br>३.<br>४. | एम–हेल्थ सेवा बिस्तार गरेका स्वास्थ्य संस्थाहरूको संख्या<br>एम–हेल्थ सेवाका सेवाग्राही संख्या<br>स्थानीय स्वास्थ्य सुचना प्रणाली संचालन गरेका स्वास्थ्य संस्थाहरूको संख्या<br>स्थानीय सुचना प्रणालीको माध्यमबाट सुचना पाएका नगरबासीहरूको संख्या |

| रणनीतिहरु | | कार्यक्रमहरु | | सुचकहरु | |
|---|---|---|---|---|---|
| १४.२ | नगरपालिकाभित्र कार्यरत सबै स्वास्थ्यकर्मीहरुको स्थानीय स्वास्थ्य सूचना प्रणाली प्रयोग सम्बन्धी क्षमता विकास गर्ने। | १. | स्वास्थ्यकर्मी तथा स्वास्थ्य प्रशासनका कर्मचारीहरुलाई स्थानीय स्वास्थ्य सूचना प्रणालीको प्रयोग सम्बन्धी तालिम/प्रशिक्षण | १. | सुचना प्रबिधि प्रयोग गर्न सक्ने स्वास्थ्यकर्मी र स्वास्थ्य प्रशासनका कर्मचारीहरुको संख्या |
| १४.३ | नगरबासीको सुचनाप्रतिको हकलाई सुनिस्चित गर्दै स्वास्थ्य सुचना प्रणालीलाई अध्यावधिक गर्ने । | १. | स्थानीय स्वास्थ्य सूचना प्रणालीको विवरणका आधारमा नगरपालिकाले आवधिक प्रतिवेदनहरु तयार गरी सार्बजनिक गर्ने । | १.<br>२.<br>३. | नयाँ विवरणहरु समेटिएको सुचना प्रबिधिको अवस्था<br>स्थानीय स्वास्थ्य सूचना प्रणालीबाट आवधिक विवरणको जानकारी पाएका नगरबासीहरुको संख्या |

**१५. नगरक्षेत्र भित्रको नियमित र आकस्मिक अवस्थाका लागि आवश्यक पर्ने स्वास्थ्य सामाग्रीहरूको आङ्कलन गरी यसको आपूर्ति, भण्डारण र वितरणलाई व्यवस्थित गरिनेछ।**

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| १५.१ | संघ तथा प्रदेश सरकार र दातृ निकायहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा नगर क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरूलाई आवश्यक पर्ने स्वास्थ्य सामग्रीहरूको नियमित आपुर्ति व्यवस्थापन मिलाउने । | १. | स्थानीय आपुर्ति व्यवस्थापन सूचना प्रणालीको स्थापना र सञ्चालन | १. | आवश्यक मात्रा र संख्यामा स्वास्थ्य सामग्री भएका स्वास्थ्य संस्थाहरूको संख्या |
| | | २. | आपुर्तिको वार्षिक आकलन गरी प्रचलित ऐन कानून अनुसार खरिद तथा वितरण | २. | स्वास्थ्य संस्थाहरूमा प्रयोग हुदै आएका विभिन्न स्वदेशी स्वास्थ्य सामाग्रीहरूको प्रकार र संख्या |

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| १५.२ | विपद्, महामारी र अन्य सम्भावित आपत्कालीन अवस्थाका लागि आवश्यक स्वास्थ्य सामग्रीहरुको भण्डारण गरी तयारी अवस्थामा राख्ने । | १.<br>२.<br>३. | आवश्यक पर्न सक्ने स्वास्थ्य सामाग्रीको आङ्कलन<br>स्वास्थ्य सामाग्रीको उचित भण्डारण, नियमित मर्मत तथा निगरानी<br>स्वास्थ्य सामाग्रीको उचित प्रयोगको बिषयमा स्वास्थ्यकर्मीलाई आवधिक प्रशिक्षण | १.<br>२.<br>३. | विपद् तथा महामारीको लागि आवश्यक गुणस्तरीय स्वास्थ्य सामाग्रीको भण्डारण गर्ने संघ संस्थाहरुको संख्या<br>भण्डारण गरिएका स्वास्थ्य सामाग्रीहरुको अवस्था र संख्या<br>स्वास्थ्य सामाग्रीको उचित प्रयोगको विषयमा तालिम संख्या र सहभागी संख्या |

**१६. नगरक्षेत्र भित्र नागरिकहरुको आवश्यकता अनुसार गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक दक्ष जनशक्ति, भौतिक संरचना र वित्तिय व्यवस्थापन गरिनेछ ।**

| | रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु |
|---|---|---|---|---|---|
| १६.१ | नगरबासीहरुको स्वास्थ्य आवश्यकतालाई परिपूर्ति गर्ने गरी स्वास्थ्यका लागि मानव शंसाधन (Human Resource for Health) को दिर्घकालीन योजना तर्जुमा गरी सँघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा | १. | नगर क्षेत्र भित्र भएका स्वास्थ्य संस्थाहरुको संगठन विकास तथा व्यवस्थापन सम्बन्धी सर्वेक्षण (Organization Development and Management Survey) | १. | आवश्यकता अनुरूप स्वास्थ्य सम्बन्धी मानव शंसाधनको संख्या पुगेका स्वास्थ्य संस्थाहरुको संख्या |
| | | २. | स्वास्थ्यका लागि मानव शंसाधनको दीर्घकालीन योजना तर्जुमा | २. | नगर क्षेत्र भित्र उत्पादन भएका स्वास्थ्य जनशक्तिहरुको संख्या |
| | | ३. | दक्ष जनशक्तिको नियुक्ति र पदस्थापन | ३. | तालिम प्राप्त स्वास्थ्य |
| | | ४. | स्वास्थ्य आवश्यकतालाई ध्यानमा | ४. | जनशक्तिहरुको पदस्थापना संख्या |
| | | | | ५. | स्वास्थ्य जनशक्तिहरुलाई स्वास्थ्य सम्बन्धी तालिम संख्या |

| | रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु |
|---|---|---|---|---|---|
| | आवश्यक दक्ष जनशक्तिहरूको व्यवस्थापन गर्ने। | | राखेर स्वास्थ्यका लागि मानव शंसाधनको क्षमता अभिवृद्धि | | |
| १६.२ | स्वास्थ्य संस्थाहरूको संगठन विकास तथा व्यवस्थापन सम्बन्धी सर्वेक्षणको नतिजा अनुसार स्वास्थ्य सेवालाई सहज उपलब्ध गराउन स्वास्थ्य संस्थाहरूको निर्माण वा | १.<br>२. | स्वस्थ्य संस्थाहरूको निर्माण र पुनर्संरचना<br>गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक औषधी, उपकरण,प्रयोगशाला, रक्तसञ्चार सेवा,फर्निचर, पर्दा, कार्पेट, पानी, बिजुली, पार्किङ, शौचालय आदिको व्यवस्था | १.<br>२.<br>३. | स्वास्थ्यका नयाँ भौतिक संरचनाहरूको संख्या<br>सुरक्षाको हिसाबले परिमार्जन गरिएका पुराना स्वास्थ्य संस्थाहरूको संख्या<br>आवश्यक औषधी, उपकरण, फर्नीचर, पर्दा, कर्पेट, पानी , बिजुली, पार्किङ, शौचालय आदिको |

| रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु | |
|---|---|---|---|---|---|
| | पुनर्संरचना गर्ने। | ३. | स्वास्थ्य संस्थाहरूबाट निस्कने सबै प्रकारका फोहरहरूको वैज्ञानिक व्यवस्थापन | <br><br>४. | व्यवस्था भएका स्वास्थ्य संस्थाहरूको संख्या<br>वैज्ञानिक तरिकाबाट स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन गर्ने स्वास्थ्य संस्थाहरूको संख्या |
| १६.३ | संघ, प्रदेश र दातृ निकायहरूसँगको समन्वय, सहकार्य र साझेदारी तथा स्वास्थ्यका लागि स्थानीय साधन श्रोतको अधिकतम परिचालन गरी गुणस्तरीय स्वास्थ्य सेवाको सहज पहुँच | १.<br>२.<br><br><br><br>३.<br>४.<br>५. | सामाजिक स्वास्थ्य बिमा<br>स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्ने गरी परियोजना तर्जुमा गरी संघ, प्रदेश र दातृ निकायहरूसँग समन्वय<br>स्थानीय स्रोतको पहिचान तथा<br>परिचालन<br>वित्तिय शुसाशन र सामाजिक | १.<br><br><br>२.<br><br><br>३.<br>४. | नगर क्षेत्र भित्र सामाजिक स्वास्थ्य बिमा लागु भएका स्वास्थ्य संस्थाहरूको संख्या बीमा कर्ता संख्या ।<br>श्रोत व्यवस्थापनको लागि विभिन्न निकायहरूसंग तर्जुमा गरिएका परियोजना संख्या<br>स्थानीय श्रोतको किसिम र संख्या<br>नागरिक बडापत्रको व्यवस्था भएका |

| | रणनीति/हरु | | कार्यक्रम/हरु | | सुचक/हरु |
|---|---|---|---|---|---|
| | अभिवृद्धी गर्ने । | | उत्तरदायित्वका लागि जिम्मेवारी तथा पारदर्शिता कार्यक्रम (सामाजिक लेखापरिक्षण, नागरिक बडापत्र, परियोजना खर्च विवरणको आवधिक सार्वजनिकीकरण आदि) | ५. | स्वास्थ्य संस्थाहरुको संख्या संचालन खर्च सार्बजनिक गर्ने स्वास्थ्य संस्थाहरुको संख्या |

## ३. बूढानीलकण्ठ नगरपालिकाको स्वास्थ्य नीतिले निर्देश गरेका प्राथमिकताका कार्यहरू

१. रोग लागिसकेपछि उपचार गराउने भन्दा रोग लाग्नबाट बच्ने उपायहरु व्यवहारमा लागु गर्नु नगरवासीहरूलाई उत्प्रेरित गर्नु ।

२. आफ्नो स्वास्थ्य सबैभन्दा महत्वपूर्ण सम्पत्ति हो । रोग मानिसको सबैभन्दा ठुलो बलवान शत्रु हो । तसर्थ आफ्नो प्यारो शरीरलाई हेरचाह संरक्षण गर्नु, शत्रुबाट बचाउन प्रयत्न गर्नु जीवनको महत्वपूर्ण प्राथमिकता हो भन्ने कुरा हरेक नागरिकहरूलाई बुझाउनु ।

३. जनस्वास्थ्यसँग सम्बन्धित विविध पक्षहरु जस्तैः फोहरमैलाको उचित व्यवस्थापन, वातावरणिय सन्तुलन, प्रवर्धन, शुद्ध पिउने पानीको वितरण जस्ता कार्यहरूबाट नगरवासीहरूको जनस्वास्थ्यमा अनुकुलता प्रवर्धन गर्नु ।

४. समाजमा रहेका विपन्न वर्गहरू, पिछडिएका महिलाहरु, बालबालिकाहरु, जेष्ठ नागरिकहरु, अपाङ्गता भएका नागरिकहरु, दीर्घरोगीहरु लगायत अन्य जोखिममा रहेका समुहहरूको स्वास्थ्यमा प्रतिकुल असर पर्न नदिन विशेष स्वास्थ्य सहयोगको व्यवस्था मिलाउने व्यवस्था गर्नु ।

५. आम नागरिकहरूलाई परिआउने स्वास्थ्य समस्या सम्बन्धी जोखिमबाट सुरक्षित र सहज बनाउन स्वास्थ्य बिमाको विकास र प्रवर्धनमा प्रभावकारी योजना कार्यान्वयन गर्न नगरपालिको भूमिका बढाउनु ।

६. नगरपालिकामा आम नगरवासीहरूको स्वास्थ्य समस्या सम्बन्धी प्रथम चरणको परीक्षण उपचार प्रणालीलाई आवश्यक स्रोत साधन सम्पन्न बनाई नागरिक स्वास्थ्य विवरण अभिलेख व्यवस्थित गर्नु ।

७. व्यवस्थित प्रभावकारी, भरपर्दो नागरिक स्वास्थ्य परिक्षण (Screening) पद्दति विकास गर्नु ।

८. आधारभूत स्वास्थ्य उपचारसेवा प्रदान गर्ने नगर अस्पताल सेवा सञ्चालन गर्नु ।

९. नगरभित्रका स्वास्थ्य संस्थाहरूमा आवश्यक तोकिएको मापदण्ड अनुसारको स्वास्थ्य सेवा उपलब्ध गराउनु । न्युन अति जरूरी स्वास्थ्य परिक्षण निशुल्क उपलब्ध गराउनु ।

१०. नगरपालिका भित्रका सम्पुर्ण नीजि स्वास्थ्य संस्थाहरूलाई व्यवस्थित, जनउत्तरदायी र विधिसम्मत सञ्चालन गराउन अनुगमन नियमन प्रभावकारी बनाउनु ।

११. कुनै पनि बेला आउन सक्ने स्वास्थ्य सम्बन्धी विविध महामारी प्रकोपको नियन्त्रण व्यवस्थापनको लागि उपयोगी स्वास्थ्य पूर्वाधार र संयन्त्रको पूर्वकार्य योजना तयारी गर्नु ।

१२. नगरमा सञ्चालित सम्पुर्ण स्वास्थ्य प्रशासन, अभिलेख प्रणालीलाई अनलाईन प्रणालीमा व्यवस्थित गर्नु ।

१३. प्राकृतिक चिकित्सा पद्धति, आयुर्वेद उपचार पद्दति, जीवनका लागि योग, ध्यान, आहार, विहार, मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श उपचार प्रणाली सहितको एकीकृत स्वास्थ्य सेवा प्रणालीको विकास प्रवर्धन गर्नु ।

१४. स्वास्थ्यको लागि खेल, व्यायम पैदल मार्ग, ध्यानकेन्द्र, खुल्ला तथा बन्दखेल पूर्वाधारहरूको बिकास र प्रवर्धनबाट जनस्वास्थ्यमा अनुकुल प्रभाव पार्नु ।

१५. नगरमा कार्यरत स्वास्थ्यकर्मीहरूको क्षमता बिकास, क्रियाशीलता उत्साहमा सुधार ल्याई उद्देश्यमा सकारात्मक परिवर्तन ल्याउनु ।

१६. सरल, सुलभ स्वास्थ्य सेवा प्रदान गरी नागरिकहरूको जीवनमा खुशी ल्याउने नीति योजना कार्यक्रम बनाई कार्यान्वयन गर्नु ।

## ४. जोखिमहरु

यो नीतिको कार्यन्वयनका लागि वित्तीय, भौतिक तथा मानवीय श्रोत जुटाउन अलि बढी मिहिनेत गर्नुपर्ने हुन्छ। नगरबासीहरूको सहभागिता कम हुनसक्ने र राजनैतिक प्रतिबद्दता कम हुनसक्ने जोखिम छ ।

## ५ समन्वय, अनुगमन र मूल्यांकन

यो नीतिको कार्यन्वयनका लागि नगरपालिकाले प्रदेश तथा संघसँगको समन्वय र सहकार्यलाई मजबुत बनाउनु पर्छ । बिकास साझेदार, नीजि क्षेत्र र आम नागरिकको सहभागिता र सहकार्यलाई हरदम प्रोत्साहन गर्नुपर्ने हुन्छ । नगरपालिकाको कार्यकारी समिति तथा जनस्वास्थ्य महाशाखाले यो नीतिको कार्यान्वयनको लागि अनुगमन तथा मूल्यांकन कार्ययोजना नै बनाउनुपर्छ । नगरपालिकाका स्वास्थ्य सम्बन्धी वार्षिक कार्ययोजना यो नीति अनुसार भएको कुराको एकिन गर्नुपर्छ ।

## अनुसुची (नयाँ कार्यक्रमहरूको छोटो परिचय)

## परिवार शिक्षा

परिवार शिक्षामा विवाह गर्ने उपयुक्त उमेर, स्वस्थ गर्भधारण, गर्भवती तथा सुत्केरीको स्याहार, बिगौती दूधको सेवन, ६ महिनासम्म शिशुलाई स्तनपान मात्र गराउने, नवजात शिशु स्याहार, खोप, बाल स्वास्थ्य, पोषण शिक्षा, किशोरकिशोरी मनोविज्ञान लगायत महिला स्वास्थ्यका लागि आवश्यक व्यवाहार परिवर्तन वा व्यवहारमा उतार्नु पर्ने महत्वपुर्ण विषयहरूको पाठ्यसामग्री समेटी सरल भाषामा परिवार शिक्षा संगालो तयार गरिने छ । महिला स्वयंसेविका, स्वास्थ्यकर्मी लगायत स्थानीय स्वयं सेवकहरूलाई तत्समबन्धी तालिम दिईनेछ । तालिम प्राप्त उल्लेखित व्यक्तिहरूले घरघरमा गएर घरभेट तथा छलफल गर्ने कार्यक्रम रहनेछ ।

## (एप)हेल्थ कार्यक्रम

मानव जीवनका विभिन्न चरणहरूमा आफू स्वस्थ रहन अपनाउनु पर्ने व्यवहार सम्बन्धी मोबाईल एप्स बनाइ नगरबासीहरूलाई निरन्तर सचेत गराउने कार्यक्रम हो । यसमा उमेर अनुसार आवश्यक सुचनाहरु स्वतः प्रवाह हुने खालको प्रणाली विकास गरिनेछ । सो एप्सको सञ्चालन तथा अनुगमन नगरपालिकाको सुचना तथा प्रविधि शाखाले गर्नेछ ।

## स्वस्थ चमेनागृह

नगरपालिकाले तोके अनुसारको स्वस्थकर खानेकुराहरु मात्र भएको, सार्वजनिक कार्यालयको हाताभित्रै सञ्चालन भएका चमेनागृहहरु जसमा अस्वस्थकर तथा पत्रुखानाहरु (Junk Foods) उपलब्ध हुँदैनन् ।

नगरपालिका र संस्थाद्वारा सञ्चालित चमेना गृह आर्कषक सफा र गुणस्तर गरिनेछ ।

## दिवा खाजा

विद्यार्थीहरूले घरैबाट लैजाने दिवा खाजाहरू नगरपालिकाले तोकेको मापदण्ड अनुसार हुनेछन् । अस्वस्थकर र पत्रुखानाहरू विद्यालयमा ल्याउन निषेध गरिनेछ । नियमित र पोषिलो दिवा खाजाको व्यवस्था गरिनेछ ।

## हरेक भान्सा स्वस्थ भान्सा कार्यक्रम

हरेक घरको भान्सामा नगरपालिकाले तोकेको मापदण्ड अनुसार सन्तुलित भोजनसँग सम्बन्धित परिकारहरू ताजा तथा अर्ग्यानिक खाद्य सामग्रीहरूबाट सफाईको मापदण्ड पुरा गरेर तयार गर्ने र सेवन गर्ने अभियान हो । यस्तो भान्सामा स्वास्थ्यका लागि हानिकारक, अस्वस्थकर तथा पत्रुखानाहरू तयार गरिदैन ।

## जनस्वास्थ्य निरीक्षण तथा अनुगमन

नगरपालिकाले आवश्यकता अनुसार जनस्वास्थ्य निरीक्षकहरू नियुक्ति गर्ने र उनीहरूमार्फत नगरपालिका भित्रका रेष्टुरेण्ट, चिया पसल, सडक, सार्वजनिक स्थल आदिमा तोकेको मापदण्ड अनुसार निरीक्षण अनुगमन गर्ने तथा मापदण्ड विपरित कार्य गर्नेलाई कारवाहीको सिफारिस गर्ने । यी निरीक्षकहरूले यसका अलावा पशुपन्छीजन्य रोगहरूको समेत् नियमित अनुगमन गर्नेछन् ।

## मेरो टोल सफा टोल अभियान

यस अभियानमा नगर क्षेत्र भित्रका टोल टोलमा रहेका टोल सुधार समितिलाई परिचालन गरी घर वरपर, सडक तथा सार्बजनिक स्थलहरूको नियमित सरसफाई गरिनेछ। यस अभियानलाई दिगो बनाउन र नगरबासीलाई प्रोत्साहान गर्नको लागि प्रत्यक महिना सबै भन्दा सफा टोललाई नगरपालिकाले पुरस्कृत गर्नेछ । यस अभियानमा घरबाट निस्किने कुहिने फोहोरलाई कम्पोस्ट मल बनाएर र नकुहिने फोहोरलाई पुनर्प्रयोग र पुनर्चक्रिय पद्धतिबाट घरमै व्यवस्थापन गर्ने परिवारलाई प्रोत्साहन समेत गरिनेछ । प्लास्टिक जन्य सामानको प्रयोग कम गर्न समेत यस अभियानले प्रेरित गर्नेछ ।

## आफ्नो स्वास्थ्य आँफै जाँचौ

स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गर्न आउने सबै नगरबासीहरूले आफ्नो तौल र उचाई आफै मापन गर्न सक्ने गरी व्यवस्था गरिन्छ । यस सँगसँगै विभिन्न रोगहरूको लक्षणको बारेमा नगरबासीले बुझ्ने भाषामा बोर्डमा रंगीन प्रिन्ट गरी स्वास्थ्य जाँच गर्ने ठाउँ अगाडि राखिनेछ । मधुमेहका रोगी नगरबासीहरूलाई रगतमा चिनीको मात्रा आफै मापन गर्न ग्लुकोमिटरको प्रशिक्षण दिई मापन गरिएको नतिजाको अभिलेख राख्न लगाइन्छ । अनिवार्य नियमित स्वास्थ्य परिक्षणमा विशेष जोड दिइने छ ।

## सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम

यस कार्यक्रममा मानसिक स्वास्थ्य सम्बन्धी तालिम प्राप्त स्वास्थ्यकर्मी सँगसँगै महिला स्वास्थ्य स्वयं सेविका, समुदायका स्वयं सेवक, आमा समुह, परम्परागत बैध, शिक्षक, सामाजिक अभियन्ता आदिको परिचालन गरी रेडियो, टिभी, सामाजिक संजाल, क्लब, सडक नाटक, घर भेट, विद्यालय शिक्षा आदि मार्फत समुदायमा मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना जगाएर मानसिक समस्याहरू समयमै पत्ता लगाई उचित व्यवस्थापन गरिन्छ । यस कार्यक्रमद्वारा भविष्यमा मानसिक समस्या आउन नदिनको लागि तनाब कम गर्ने उपाय र व्यक्तिगत तथा पारिवारिक मनोबिमर्श कार्यक्रम समेत संचालन गरिनेछ । यस कार्यक्रम अन्तरगत समुदायमा सबै उमेरसमूहका लागि पार्क, खेलमैदान, खेलकुद कार्यक्रम, योग केन्द्र, धार्मिक स्थल सँगसँगै विभिन्न मनोरञ्जनको व्यवस्था मिलाईनेछ ।

# स्वास्थ्य सम्बन्धी हाम्रा नाराहरू

१. जडिबुटी ब्यायम र योग,
स्वास्थ्य आहारविहार भगाऔ रोग

२. स्वास्थ्य, सफा र सुन्दर,
बूढानीलकण्ठ नगर

३. सक्रिय जीवन, स्वास्थ्य जीवन

४. हाम्रो स्वास्थ्य सेवा, नगरबासी मैत्री सेवा

५. सुरक्षित मातृत्व, समुदायको दायित्व

६. यौन तथा प्रजनन स्वास्थ्य सेवा र सुचनाको
अधिकार छ हरेक नगरबासीको

७. पानीको श्रोतको रक्षा,
नगर र नगरबासीको सुरक्षा

८. हामीले पिउने पानी, सफा र शुद्ध पानी

९. मेरो टोल, सफा र सुरक्षित टोल

१०. आफ्नो स्वास्थ्य आफै जाँचौ

११. हरेक भान्सा, स्वस्थ भान्सा

१२. अपाङ्ग मैत्री नगर
बूढानीलकण्ठ नगर

१३. एक घर, एक बिरूवा

१४. कुहिने नकुहिने छुट्याई फोहोर,
उपयोग गरे बन्छ मोहर

१५. प्लास्टिकको प्रयोग नगरौँ,

१६. हाम्रो नगर
हरियाली र सुन्दर नगर

१७. पत्रु खाना शत्रु खाना,
सन्तुलित खाना स्वास्थ्य खाना

१८. बिषादीरहित तरकारी खाऔं, कौसी खेतीलाई प्रवर्धन गरौँ

१९. सन्तुलित आहार, स्वास्थ्य आहार

२०. पाउँछ नगरले सफलता,
भए जनताको सक्रिय सहभागिता